# एकाइ २

# तपाईंले सुसमाचार प्रचार गर्न सक्नुहुन्छ !

के तपाईंले कहिल्यै छ्याङ्ग रातमा आकाशका ताराहरू हेरेर तिनीहरूको सुन्दरता र सङ्ख्यालाई देखेर अचम्म मान्नुभएको छ ? त्यहाँ तिनीहरू आ-आफ्ना स्थानमा रहेर चहकिलो रूपमा चम्किरहेका छन् !

धेरै जनालाई धार्मिकतामा डोऱ्याउने र धेरै जनालाई ठीक कुरा गर्न सिकाउने व्यक्तिहरू यी ताराहरूझैँ सधैँ चम्कनेछन् भनी बाइबलले हामीलाई बताएको छ। दानिएल १२:३ लाई हेर्नुहोस्।

सुसमाचार प्रचारको कार्यले तपाईंलाई संलग्न गराउँछ ! तपाईंले आफ्ना नातेदारहरू र मित्रहरूलाई ख्रीष्टमा डोऱ्याउनुभएको परमेश्वरले चाहनुहुन्छ। बाइबलले आत्माहरू, तिनीहरूको मूल्य र हराएकाहरूलाई भेट्टाएकोमा पाइने इनामको बारेमा बताउँदा, यसले स्वर्गीक आयामको भाषा प्रयोग गरेको हुन्छ। सुसमाचार बाँड्नका निम्ति कति ठूलो प्रोत्साहन !

सुसमाचार प्रचार गर्ने काम के हो भनी तपाईंले यस पाठमा सिक्नुहुनेछ। सबै किसिमका मानिसहरूद्वारा यो गर्न सकिन्छ भनी तपाईंले सिक्नुहुनेछ। यो अति ठूलो इनाम पाइने कामको निम्ति तपाईं आफैँलाई तयार पार्नका लागि तपाईंले प्रेरणा पाउनुहुनेछ। पवित्र आत्माका लागि तपाईंको हृदय खोल्नुहोस् र सुसमाचार प्रचार गर्नका लागि तपाईंलाई चुनौती दिन उहाँलाई स्थान दिनुहोस्।



## पाठका रूपरेखा

सुसमाचार प्रचार गर्नु के हो

मण्डली सदस्यहरूले सुसमाचार प्रचार गर्न सक्छन्

सुसमाचार प्रचार गर्नका लागि आफूलाई तयार पार्नुहोस्

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- आवश्यकतालाई देख्नुबाट आवश्यकतालाई देख्न अरूहरूलाई सहयोग गरी सुसमाचार प्रचारको पूर्ण उद्देश्यलाई वर्णन गर्न सक्नुपर्नेछ।
- सुसमाचार प्रचारमा तपाईंले खेल्न सक्नुहुने भागलाई महसुस गर्न सक्नुपर्नेछ।
- सुसमाचार बाँड्नुको महत्वपूर्णताको बारेमा अरूहरूलाई बताउन सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पाठ विकासलाई अध्ययन गर्नुहोस्। उल्लेख गरिएका सम्पूर्ण बाइबल पदहरूलाई भेट्टाउनुहोस् र पढ्नुहोस्।

२. अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस्। तपाईंले उत्तरहरू दिनुभएपछि पाठको अन्त्यमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्। तपाईंले बेठीकसँग उत्तर दिनुभएकाहरूलाई समीक्षा गर्नुहोस्।

३. तपाईंले अनुभव गर्नुभएका वा सुन्नुभएका आत्मा जिताइमा भएका अनुभवहरूसँग दिइएका उदाहरणहरूलाई तुलना गर्नुहोस् ।

## मुख्य शब्दहरू

सहकर्मीहरू
प्रमाण
सम्प्रदाय
आलङ्कारिक रूपमा
जोड दिइयो

---

## पाठ विकास

## सुसमाचार प्रचार गर्नु के हो ?

**उद्देश्य १.** *सुसमाचार प्रचारका चार पक्षहरूका उदाहरणहरूको सूची बनाई पहिचान गर्नुहोस् ।*

सुमाचार प्रचार गर्नु वाक्यांश येशू ख्रीष्टमा विश्वासद्वारा मुक्तिको सुसमाचार बाँड्ने चार पक्षहरूलाई ढाक्न प्रयोग गरिएको आधुनिक शब्दसमूह हो । यी चारवटा क्रियाकलापहरूमा १) मुक्तिदाताका बारेमा मानिसहरूलाई बताउने, २) तिनीहरूकहाँ ख्रीष्टको साक्षी दिने, ३) तिनीहरूलाई उहाँमा जित्ने, ४) अरूहरूलाई जित्न तिनीहरूलाई मद्दत गर्ने कुराहरू समावेश छन् । यी प्रत्येकलाई हामी अझै नजिकबाट हेर्नेछौँ ।



## सुसमाचार सुनाउनु

प्रेरित पावलले सुसमाचारको बारेमा लेख्दा, उनले येशू को हुनुहुन्छ, उहाँ किन र कसरी आउनुभयो, उहाँले के गर्नुभयो, र उहाँ कसरी हाम्रा निम्ति मर्नुभयो र फेरि बौरी उठ्नुभयो भन्ने बारेमा लेखिरहेका थिए (१ कोरिन्थी १५:२-४)। यसलाई शुभ समाचार पनि भनिन्छ। यो शुभ वा असल छ किनकि पाप र यसका नतिजाहरूबाट कसरी उद्धार पाउने र मानिसहरूले कसरी अनन्त जीवन प्राप्त गर्न सक्छन् भनी यसले उनीहरूलाई बताउँछ। यो समाचार हो किनकि यो भएका घटनाहरूका बारेमा छ। दयनीय अवस्थाचाहिँ यो छ कि धेरै मानिसहरूलाई यस बारेमा थाहा नै छैन। तिनीहरूलाई भनिनु पर्छ। यो सुसमाचार प्रचारको एक भाग हो।



## येशूको निम्ति साक्षी हुनु

साक्षी हुनु भनेको तपाईंको आफ्नै मुक्तिको बारेमा बताउनु हो। व्यक्तिगत रूपमा येशूले तपाईंको निम्ति जे गर्नुभएको छ त्यस बारेमा साक्षी दिनु हो। खीष्टको शक्ति वास्तविक छ भनी मानिसहरूले देख्नका लागि तपाईंले दिनुभएको साक्षीले मद्दत गर्छ। यो केही असल थोक हो भनी यदि तिनीहरूले देख्न सके भने, तपाईंसँग भएको कुरा तिनीहरूले पनि चाहनेछन्।

साक्षी दिनु भनेको प्रमाण वा गवाही दिनु हो । येशू भन्नुभयो, “तिमीहरू मेरा साक्षी हुनेछौ” (प्रेरित १:८) । सुसमाचार प्रचारको यो भागले तपाईंको जीवनमा खीष्टको उद्धार गर्ने शक्तिको साक्षी दिन्छ ।

साक्षी दिने कामले पवित्र आत्माको शक्तिको माग गर्छ । यो आज पनि विश्वासीहरूका लागि उपलब्ध भएकामा परमेश्वरलाई धन्यवाद होस् ! येशूले प्रतिज्ञा गर्नुभएको थियो कि, “पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ” पवित्र आत्माको शक्ति मुख्य गरी साक्षी दिनका निम्ति नै दिइएको हो ।

सुरूको मण्डलीमा पत्रुस र अरू चेलाहरूले साहससाथ सुसमाचारको बारेमा यहूदी अगुवाहरूसँग बोलेका थिए । खीष्टको मृत्यु र पुनरूत्थानको बारेमा तिनीहरूले प्रमाण दिए । तिनीहरू पापहरूको पश्चात्ताप र क्षमाको साक्षी भएका थिए । तिनीहरूले भने, “यी सबै कुराका हामी साक्षी छौँ, र त्यस्तै गरी पवित्र आत्मा पनि” (प्रेरित ५:२९-३२) हेर्नुहोस् । येशूको निम्ति साक्षी हुँदा तिनीहरूले पवित्र आत्माको शक्तिको अनुभव गरेका थिए !



! कोष्ठभित्र दिइएका वाक्यांशहरूबाट प्रत्येक अवस्थालाई सबैभन्दा उत्तम किसिमले परिभाषित गर्ने भनाइलाई खाली ठाउँमा लेख्नुहोस् ।

**क.** हाम्रा निम्ति मर्नका लागि परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो भनी तपाईं कुनै व्यक्तिलाई बताउनुहुन्छ ।

..............................................................................................

(सुसमाचार सुनाउनु/साक्षी दिनु)

**ख.** उहाँले कसरी तपाईंलाई पापबाट छुटकारा दिनुभयो र उद्धार गर्नुभयो भनी तपाईं बताउनुहुन्छ ।

..............................................................................

(सुसमाचार सुनाउनु/साक्षी दिनु)

## मानिसहरूलाई ख्रीष्टमा जित्नु

सुसमाचारका बारेमा अरूहरूलाई बताउनु वा तपाईंको निम्ति प्रभुले के गर्नुभयो भनी साक्षी दिनु मात्र पर्याप्त छैन । तपाईंले अर्को कदम उठाउनु पनि आवश्यक छ : तिनीहरूका आफ्नै मुक्तिदाताका रूपमा येशू ख्रीष्टलाई ग्रहण गर्न मानिसहरूलाई अगुवाइ गर्नुपर्दछ । पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुहुँदा ख्रीष्टको प्रेम र दावीहरूप्रति प्रतिउत्तर दिनका लागि उनीहरूलाई सहयोग गर्नुहोस् । अर्को किसिमले भन्नुपर्दा, सुसमाचार प्रचारले मानिसहरूलाई ख्रीष्टमा जित्नैपर्छ ।

मानिसहरूलाई प्रभुमा जित्ने व्यक्तिलाई प्रचारक भनिन्छ, तर यस शब्द सुन्दा तपाईं नडराउनुहोस् ! यदि तपाईंले मुक्तिदाताका बारेमा अरूहरूलाई बताइरहनुभएको छ भने तपाईं प्रचारक हुनुहुन्छ । पावलले जवान तिमोथीलाई "प्रचारकको काम गर्नू" भनी उत्साह दिएका छन् (२ तिमोथी ४:५) ।

प्रचारकका अर्का उदाहरण फिलिप हुन् जो सुरूको मण्डलीमा डिकन थिए (प्रेरित २१:८) फिलिपले कसरी सुसमाचार प्रचार गरे भन्ने कुरा हाम्रो अध्ययनमा हामी पछि देख्नेछौं ।



## सबै जातिका मानिसहरूलाई चेलाहरू बनाउनु

विश्वासमा बलियो बन्न र आत्मिक रूपमा वृद्धि हुनका लागि नयाँ विश्वासीहरूलाई सहयोग पुऱ्याउनु आवश्यक पर्छ । अरूहरूलाई ख्रीष्टमा जित्नका लागि तिनीहरूलाई तालिम दिइनुपर्दछ । फेरि पनि हामी महान् आज्ञालाई उद्धृत गर्छौं : "जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ" (मत्ती २८:१९) । अरूहरूलाई प्रभुमा जित्नुको आनन्दको अनुभव तिनीहरूले पनि गर्नु आवश्यक छ ।



@ प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

**क** सुसमाचार प्रचार गर्नुको अर्थ येशू संसारमा आउनुभयो भनी मानिसहरूलाई बताउनु हो ।

**ख** हामीले सुसमाचार बाँडेपछि हाम्रा जिम्मेवारीलाई पूरा गरेका हुन्छौं ।

**ग** प्रत्येक विश्वासीले प्रचारकको काम गर्नैपर्छ ।

**घ** असल साक्षीहरू हुनका लागि हामी आफैंले मुक्तिको अनुभव गरेकै हुनुपर्छ ।

# यस पाठमा प्रस्तुत गरिएका सुसमाचारका चार कदमहरूलाई तपाईंको अभ्यास पुस्तिकामा सूची बनाउनुहोस् ।

$ बायाँपट्टि दिइएको प्रत्येक विवरणको अगाडि दायाँपट्टि दिइएको कार्य वर्णनको प्रतिनिधित्व गर्ने सङ्ख्या लेख्नुहोस् ।

.... क रेलमा भएको मानिसलाई तपाईं एक सुसमाचारीय पत्रिका दिनुहुन्छ ।

१) बताउनु

.... ख तपाईंले आफ्नो छिमेकीलाई साक्षी दिनुभएपछि, उनले अहिले नै प्रभुलाई ग्रहण गर्न चाहन्छन् कि भनी तपाईं सोध्नुहुन्छ र उनले ग्रहण गर्छन् ।

२) साक्षी दिनु

.... ग खीष्टले कसरी तपाईंका खराब बानीहरू हटाइदिनुभयो भनी तपाईं साक्षी दिनुहुन्छ । ३) जित्नु

.... घ एउटा बालकले स्वर्गको बारेमा तपाईंलाई सोध्छ र कसरी उद्धार पाउन सकिन्छ भनी तपाईं बताउनुहुन्छ । ४) चेलाहरू बनाउनु

.... ङ अरूहरूलाई कसरी साक्षी दिने भनी सिक्न तपाईं नयाँ विश्वासीलाई सहयोग गर्नुहुन्छ ।

## मण्डली सदस्यहरूले सुसमाचार प्रचार गर्न सक्छन्

**उद्देश्य २.** *सुसमाचार बाँड्नको निम्ति को जिम्मेवार छ व्याख्या गर्नुहोस् ।*

सुसमाचार प्रचार गर्ने काममा पास्टरहरू, मिसनेरीहरू र पूर्ण-समय प्रचारकहरू संलग्न हुनुपर्ने प्रतीक्षा हामी गर्छौं । यद्यपि तिनीहरूले कहिल्यै यो सबै गर्न सक्दैनन् ! संसारमा गरिने सुसमाचार प्रचारले माग गर्छ कि सुसमाचार बाँड्ने काममा सबै विश्वासीहरू संलग्न हुनुपर्छ । तपाईंले पनि सुसमाचार प्रचार गर्न सक्नुहुन्छ ! तलका कथाहरू मण्डली सदस्यहरूका उदाहरणहरू हुन् जसले आत्माहरू जितेका छन् ।

## उमेर ढल्किसकेका खीष्टियानले सुसमाचार सुनाउन थाल्छन्

श्री ली एक चिनीयाँ, धेरै वर्षदेखि खीष्टियान थिए र उनी विश्वासयोग्यताका साथ मण्डलीमा हाजिर हुन्थे । सत्तरी वर्षको उमेर भइसकेपछि उनी धेरै बिरामी भए । एक्कासी प्रभुलाई भेट्ने बारेमा श्री लीले विचार गर्न थालेपछि, उनी अति नै निराश भए । उनले भने, “म अझै मर्न सक्दिन । मालिकलाई दिनका निम्ति मसँग अन्नका मुठाहरू छैनन् । प्रभुले उनको आयु अझै बढाइदिनुभएको होस् भनी उनले उत्सुकतासाथ प्रार्थना गर्न थाले, यसरी उनले मानिसहरूलाई साक्षी दिन सक्थे र तिनीहरूले उद्धार पाएका देख्न सक्थे ।

एउटा आश्चर्यकर्म भयो ! श्री ली फेरि स्वस्थ भए । उनले कसरी प्रार्थना गरे र प्रभुले उनको जीवनलाई कसरी बचाउनुभयो भनी उनले आफ्ना साथीहरूलाई बताए । उनले जताततै र जहिलेजहिले सकिन्छ मानिसहरूलाई सुसमाचार बताउन सुरू गरे । नयाँ सुरू गरिएको मण्डलीमा गएर मानिसहरूलाई भेट्न र तिनीहरूलाई प्रभुमा जित्नका लागि उनले आफ्नो साइकलमा धेरै माइल टाढा यात्रा गर्थे । नयाँ मण्डली वृद्धि हुन सुरू भयो । उनको जोसद्वारा अरू मानिसहरूले पनि प्रेरणा पाए । अझै अरू दस वर्षजति श्री ली बाँचे र आफ्ना प्रभुका निम्ति काम गरे । तब एक दिन उनी खुसीसाथ र शान्तमय किसिमले मरे, किनकि उनी आत्मा जित्ने व्यक्ति बनेका थिए !

५ १ कोरिन्थी ३:१२ पढ्नुहोस् । कस्ता किसिमका सामाग्रीहरू (आलङ्कारिक रूपमा भनिएको) द्वारा माथिको कथामा उल्लिखित श्री लीले आफ्नो जीवनको अन्तिम दस वर्ष अवधिमा निर्माण गरेका थिए ?

---

## अपाङ्ग केटीले अरुहरूलाई साक्षी दिन्छिन्

भर्खरै सुरू भइरहेको सानो मण्डलीमा सहयोग पुऱ्याउनका लागि एक मिसनेरी दम्पत्ति त्यहाँ गए । तिनीहरूले आत्माहरूको मुक्तिको निम्ति प्रार्थना गरे र मण्डलीलाई वृद्धि गराउनका लागि राष्ट्रिय पास्टरसँग काम गरे । त्यस क्षेत्रका मानिसहरू मूर्तिपूजकहरू थिए । तिनीहरू शङ्कालु थिए र मण्डलीसँग डराउँथे । मण्डलीचाहिँ मानिसहरू आउँदा डराउनु नपर्ने ठाउँ भएको मिशनेरीहरूले चाहन्थे ।

अनुहार र शरीर बाङ्गिएकी एउटी केटी मण्डलीमा आउन थालिन् । तिनी बडो कठिनले मात्र बोल्न सक्थिन् । के उनको बाङ्गिएको अनुहार र शरीरले मानिसहरूलाई तर्काउने पो हो कि ? तर मिशनेरीहरूले यो अचम्मको कुरा सिके कि धेरैजसो नयाँ विश्वासीहरूलाई यी नै केटीले ल्याएकी थिइन् । तिनले येशूलाई प्रेम गर्थिन् र तिनमा चम्किलो मुस्कान थियो । प्रभुलाई नचिन्ने मानिसहरूका बारेमा तिनले वास्ता गरेकी थिइन् । उनी अपाङ्ग हुँदाहुँदै पनि आफ्नो प्रेम र वास्ताद्वारा उनले साक्षी दिएकी थिइन् ।

**६** मर्कूस १४:८ पढ्नुहोस् र तलका प्रश्नहरूका उत्तर दिनुहोस् ।

**क** यस पदमा भएका कुन शब्दहरूले माथिको कथामा उल्लेख गरिएकी केटीका कार्यहरूलाई वर्णन गर्छन् ?

.................................................................................................

**ख** के त्यो ठूलो प्रशंसा हो ?

.................................................................................................

## एक नयाँ विश्वासीले आफ्ना बाबुलाई जित्छिन्

अति उत्साहित भएर आत्मा जित्ने एक अवकाशप्राप्त व्यापारीले भनेका थिए, "खास उद्देश्यको निम्ति मेरो जीवनमा प्रभुले सहकर्मीहरू राख्नुहुन्छ भनी म विश्वास गर्दछु । तिनीहरूलाई मैले मद्दत गर्नैपर्छ भनी प्रभुबाट नै मैले यसलाई लिएको छु । आत्मिक आवश्यकताहरू पूरा गर्नका लागि के गर्नु र भन्नु पर्ने हो भन्ने बारेमा पवित्र आत्माको अभिषेक र अगुवाइको निम्ति म प्रार्थना गर्छु ।" तब उनले यो कथा भनेका थिए ।

"दिमागमा ट्युमर भएका आफ्ना वृद्ध बाबुलाई भेट्नका लागि प्रभुलाई नचिन्ने एक केटीले मलाई आग्रह गरिन् । बाटोमा गाडीको चाप धेरै भएको हुनाले भेट गर्न सक्ने समयपछि मात्र म अस्पतालमा पुगेँ । औषधिको कारण बिरामी लट्ठ परेका थिए र उनले अर्कै भाषा बोल्ने हुनाले उनीसँग मैले कुराकानी गर्ने सम्भावना पनि थिएन । उनीकहाँ पुग्नका लागि मेरो निम्ति बाटो खोलिदिनुहोस् भनी मैले प्रभुसँग विन्ती गरेँ । एक हप्ताभित्रै प्रभुले मेरो प्रार्थनाको उत्तर सुन्नुभयो । ती मानिसले ख्रीष्टमा नयाँ जीवन पाए र उद्धार पाएका आत्माका रूपमा उनी स्वर्गमा गए !"

"यो सब कसरी भयो" भनी हामीले प्रश्न गर्‍यौं ।

"शान्ति नाम गरेकी यी केटी आफ्ना बाबुका बारेमा अति नै सरोकारित थिइन्" भनी यी मानिसले हामीलाई बताए । असफल अस्पताल भेटपछिको तिनीसँगको भेटमा, मैले तिनलाई भने, "तिमी र तिम्रा बाबुलाई मद्दत गर्नका लागि मसँग बाँकी रहेको एउटै मात्र उपाय छ । कसरी उद्धार पाउन सकिन्छ भन्ने बारेमा म बडो ध्यानपूर्वक तिमीलाई बताउनेछु । तिमीले तिम्रा मुक्तिदाताको रूपमा प्रभुलाई ग्रहण गर्नेछौ । तब तपाईं र तपाईंको परिवारले उद्धार पाउनुहुनेछ

(प्रेरित १६:३१) भन्ने प्रतिज्ञालाई तिमी र मैले विश्वास गर्नेछौं। तिम्रो निम्ति प्रभुले के गर्नुभयो भनी तिमीले आफ्ना बाबुलाई बताउनुपर्नेछ, र तिम्रा प्यारा बाबुको जीवन परिवर्तनको निम्ति मसँग सहमत हुनुपर्नेछ। के तिमी यस योजनालाई स्वीकार गर्छ्यौ ?"

"हुन्छ, सर !" भनी शान्तिले उत्साहित भएर जवाफ दिइन्।

"ठीक छ। त्यहाँ मुक्तितर्फका पाँच कदमहरू छन्। पहिलो कदमचाहिँ आफू पापी हुँ भनी तिमीले स्वीकार गर्नुपर्छ। 'सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३:२३)। के तिमी यो विश्वास गर्छ्यौ, शान्ति ?"

"हो, म विश्वास गर्छु।"

अब त्यहाँ चारवटा कदमहरू बाँकी छन्। दोस्रोचाहिँ तिम्रो पापको बारेमा परमेश्वरले केही गर्नुभयो भनी महसुस गर्नु हो। 'किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्' (यूहन्ना ३:१६)।

"तेस्रो कदमचाहिँ उहाँलाई ग्रहण गर्नु हो। तिमीले येशूको प्रशंसा वा उहाँका दुःख-कष्टमा उहाँलाई बिचरा भनेर मात्र हुँदैन। उहाँलाई ग्रहण गर्नेहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार' दिनुहुन्छ" (यूहन्ना १:१२)।

"चौथो कदमचाहिँ तिम्रो पापको स्वीकार गर्नु र यसबाट छुटकारा पाउनु हो। परमेश्वरको वचनले भनेको छ कि 'यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ' (१ यूहन्ना १:९)।

"शान्ति, अन्तिम कदमचाहिँ येशू तिम्रा मुक्तिदाता र प्रभु हुनुहुन्छ भनी स्वीकार र विश्वास गर्नु हो। 'यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ' (रोमी १०:९)।

## ख्रीष्टमा मुक्तिका पाँच कदमहरू

**पाँचौं कदम** : येशू मुक्तिदाता र प्रभु हुनुहुन्छ भनी स्वीकार र विश्वास गर्नुहोस् (रोमी १०:९-१०) ।

**चौथो कदम** : पापको स्वीकार गर्नुहोस् र यसबाट छुटकारा पाउनुहोस् (१ यूहन्ना १:९) ।

**तेस्रो कदम** : तपाईंले ख्रीष्टलाई ग्रहण गर्नैपर्छ (यूहन्ना १:१२) ।

**दोस्रो कदम** : यस बारेमा परमेश्वरले केही गर्नुभयो (यूहन्ना ३:१६) ।

**पहिलो कदम** : तपाईं पापी हुनुहुन्छ (रोमी ३:२३)



शान्ति, के तिमी यी कदमहरू पछ्याउन चाहन्छ्यौ ? तिनी इच्छुक थिइन्, यसैले मैले अफ्रिकी भाषा (तिनको नजिकको भाषा जसलाई म प्रयोग गर्न सक्थेँ) मा तिनका निम्ति प्रार्थना गरेँ । तिनले पनि प्रार्थना गरिन् र तिनका बाबुको मुक्तिको निम्ति प्रोत्साहित भएर हामीले एकैसाथ प्रार्थना गऱ्यौँ ।

"अर्को बेलुकी टेलिफोन बज्यो । शान्तिले टेलिफोन गरेकी थिइन् । आनन्दका साथ तिनले मलाई भनिन् कि तिनले आफ्ना बाबुलाई भेट्दा उनको मन स्पष्ट भएको तिनले देखिन् । शान्तिले आफ्नो मुक्तिको बारेमा आफ्ना बाबुलाई बताइन् ।

"तिमीले भनेकी कुराको अर्थ के हो ?" भनी यी वृद्ध मानिसले प्रश्न गरे ।

"मैले प्रभु येशूलाई मेरा मुक्तिदाताका रूपमा ग्रहण गरेँ" भनी शान्तिले जवाफ दिइन् ।

"छोरी, त्यो त अचम्मै भयो !" भनी तिनका बाबुले प्रतिउत्तर दिए । "म कसरी खीष्टियान हुनसक्छु भन्ने बारेमा तिमीले मलाई बताएकी म चाहन्छु" भनी तिनका बाबुले अनुरोध गरे ।

"खीष्टमा राखिएको विश्वासद्वारा प्राप्त हुने मुक्तिका पाँच कदमहरूका बारेमा शान्तिले आफ्ना बाबुलाई बताइन् । तिनका बिरामी बाबुले पनि आफ्ना मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गरे । त्यो बुधबारको दिन थियो । अनि

शनिबारका दिन उनी प्रभुमा सुते ।" आत्मा जिताइमा यो दोहोरो विजय थियो : ती केटीले उद्धार पाइन् र नयाँ विश्वासीका रूपमा आफ्ना वृद्ध बाबुलाई प्रभुमा डोऱ्याइन् !

**७.** रेखाचित्रमा दिइएझैँ ख्रीष्टमा मुक्तिका पाँच कदमहरूलाई तपाईंको अभ्यास पुस्तिकामा लेख्नुहोस् । बाइबल पदहरूलाई समावेश गर्न र प्रत्येकलाई उद्धरण गर्न वा तपाईंका आफ्नै शब्दहरूमा यसको अर्थ दिन नभुल्नुहोस् । यी पाँच महत्वपूर्ण कदमहरूलाई कण्ठ गर्नुहोस् ।

**८.** तलका प्रश्नहरूका उत्तर दिनुहोस् ।

**क** यदि ती व्यापारीले बाबुलाई मात्र प्रभुमा जित्ने कोशिश गरेका भए के यो कथा पूरा हुने थियो होला ?

.......................................................................................

**ख** बाँड्नु र साक्षी दिनु पछि कुन कार्यहरू भएका थिए ?

.......................................................................................

**९.** पाठ १ मा निर्देशन दिइएझैँ तल उल्लिखित औँलाटुप्पो खण्डलाई सानो कार्डमा लेख्नुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई कण्ठ गर्नुहोस् ।

*शीर्षक :* **सबैले पाप गरेका छन्** *बाइबल खण्ड :* **रोमी ३:२३**

*बाइबल पद :* **सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।**

## एक पेशेवारले चेलाहरू बनाउँछन्

मध्य अमेरिकामा टेलिफोन मर्मतको काम गर्ने एक व्यक्ति लामो दूरीमा रहेका गाउँगाउँमा घोडामा यात्रा गर्थे । ठूल्ठूला जमिनहरूमा काम गर्ने किसानहरूका घरहरूमा उनी रात बस्ने गर्दथे । यी व्यक्तिले प्रभु येशूमा विश्वास गरे । उनले आफ्ना किसान मित्रहरूलाई उनको जीवनमा प्रभुको उद्धार गर्ने शक्तिको बारेमा

बताउँदै तिनीहरूलाई साक्षी दिन थाले । उनको स्पेनी भाषाको नयाँ करारबाट तिनीहरूका लागि पढिदिए । अलि अलि गरेर यी खेतबारीका किसानहरूले सुसमाचारको सत्यतामा प्रतिउत्तर दिन थाले । एक ठाउँमा दुई वा तीन जनाले ख्रीष्टलाई ग्रहण गरे । अर्को ठाउँमा पाँच वा छ जना सदस्यहरू भएको परिवारले ख्रीष्टलाई ग्रहण गऱ्यो ।

यी टेलिफोन मर्मत गर्ने व्यक्तिले यी नयाँ विश्वासीहरूलाई अझै शिक्षा दिन र बप्तिस्मा दिनका लागि पास्टरहरूलाई अनुरोध गरे । नयाँ सङ्गतिमा सहभागी भएपछि, यी नयाँ विश्वासीहरू आफैंले सुसमाचार बाँड्न थाले । यी टेलिफोन मर्मत गर्ने व्यक्तिले लगातार रूपमा यताउति गएर मर्मत गर्ने काम गरि नै रहे । तर उनको फुर्सतको समयमा उनले मानिसहरूलाई जित्ने र शिक्षा दिने काम गरिरहेका थिए । यी आत्माले भरिएका व्यक्ति मर्मतको सिलसिलामा आफ्नो यात्रामा जहाँ जहाँ रोकिए ती ठाउँहरूमा आज तपाईं मण्डलीहरू भेट्टाउनुहुन्छ । उनले महान् आज्ञाको पालना गरे ।

**१०** प्रेरित ८:३-४ पढ्नुहोस् । हाम्रो कथामा आत्माले भरिएका टेलिफोन मर्मत गर्ने व्यक्ति कसरी यरूशलेमका विश्वासीहरूजस्तै थिए ?

.................................................................................................

## सुसमाचार प्रचार गर्नका लागि आफूलाई तयार पार्नुहोस्

**उद्देश्य ३.** *सुसमाचार प्रचारको निम्ति तपाईंको आफ्नो आत्मिक तयारीलाई मूल्याङ्कन गर्नुहोस् ।*

## मानिसहरूका निम्ति सरोकार देखाउनुहोस्

धेरै पहिले सिरिया सेनाका सेनापति नामानले युद्धमा धेरै विजयताहरू हासिल गरेका थिए । उनी आफ्ना राजा र देशवासीद्वारा सम्मानित एक महान् सिपाही भए तापनि, सम्भवत: कुष्ठ रोगजस्तो निको नहुने रोगबाट उनी पीडित थिए ।

इस्राएल राज्यबाट कब्जा गरिएकी एक जवान केटी उनको घरमा नोकर्नीको काम गर्थी । यस केटीलाई आफ्ना मालिकप्रति सरोकारको अनुभूति भयो र त्यसले आफ्ना मालिकलाई सहयोग गर्न चाहन्थी । त्यसले के गर्न सक्थी ?

नामानकी पत्नीसँग आफ्नो सरोकारको अभिव्यक्त गर्दै त्यसले भनी, "यदि मेरा मालिकले सामरियामा बस्नुहुने अगमवक्तालाई भेट गरे भने, उहाँले तिनको रोग निको पारिदिनुहुने थियो" (२ राजा ५:३) ।

त्यसको सरोकारले आश्चर्यकर्मतर्फ डोऱ्यायो । त्यसले भनेको कुरा नामानले सुनेपछि, अगमवक्ता एलीशालाई भेट्न उनी सामरियातर्फ लागे । यर्दन नदीमा सातपल्ट नुहाउनू भन्ने अगमवक्ताको निर्देशनलाई उनले पालना गरेपछि उनको शरीर बालकको जस्तै सफा र स्वस्थ बन्यो । परमेश्वरले नामानलाई पूरै रूपले निको पार्नुभयो !

जब तपाईं मानिसहरूका निम्ति सरोकारको अनुभूति गर्नुहुन्छ र त्यो सरोकार देखाउनुहुन्छ, तिनीहरूलाई मद्दत गर्नका लागि तपाईंले उपायहरू भेट्टाउनुहुन्छ ।

## आत्माहरूका निम्ति प्रार्थना गर्नुहोस्

अरूहरूसँग खीष्टको मुक्तिको सुसमाचार बाँड्नु आत्मिक काम हो । खास व्यक्तिहरूका निम्ति प्रार्थना गरेर यस कामको निम्ति तयारी गर्नुहोस् । प्रार्थना गर्दा तिनीहरूका नामहरूलाई मनमा राख्नुहोस् र तिनीहरूसँग सुसमाचार बाँड्नका लागि मौकाहरू हेर्नुहोस् ।

डेविड नाम गरेका एक अङ्ग्रेज फ्रान्सको कलाइसबाट बेल्जियमको ब्रसल्ससम्म बसमा यात्रा गरिरहेका थिए । कसैलाई साक्षी दिने मौका परमेश्वरले उनलाई दिनुभएको होस् भनी यात्रा सुरू गर्नुभन्दा पहिले नै उनले प्रार्थना गरेका थिए । बसमा मेरी नाम गरेकी एक जवान बेल्जियम स्त्री नजिकैको एउटा मात्र सिट उनका लागि बाँकी थियो । तिनीहरूले एक अर्कासँग कुरा गर्न थाले । आत्मिक विषयहरूमा छलफल गर्न मेरी इच्छुक छन भन्ने कुरा डेविडले छिट्टै नै पत्ता लगाए ।

"के तपाईं खीष्टियान विश्वासी हुनुहुन्छ ?" भनी डेविडले सोधे ।

"मलाई निश्चयता छैन", भनी मेरीले जवाफ दिइन् । कहिलेकाहीँ आफू मण्डलीमा जाने कुरा तिनले उनलाई बताइन् । डेविड कुनै झूटा शिक्षा समूहका कोही व्यक्ति हुन् कि भनी तिनले प्रश्न गरिन् ।

“होइन, म त सुसमाचार प्रचारमा विश्वास गर्ने खीष्टियान हुँ” भनी डेविडले जवाफ दिए । तब डेविडले उद्धारको मार्गको व्याख्या गरिदिए । आफ्ना कुराहरू उनमा नलादिओस् र उनका कुराहरूलाई अभिव्यक्त गर्न र प्रश्नहरू सोध्ने मौका दिनुपर्ने कुरामा डेविड सचेत थिए । तिनले परमेश्वरलाई खोजिरहेकी थिइन् तर उहाँलाई कसरी भेट्टाउने सम्बन्धमा तिनलाई थाहा थिएन भनी डेविडले पत्ता लगाए !

तिनीहरूका कुराकानी, तिनीहरूको यात्राको समय जत्तिकै तीन घण्टा चलिरह्यो । पूर्ण सुसमाचार प्रचार हुने मण्डलीमा आउनका लागि डेविडले मेरीलाई निमन्त्रणा दिए । परमेश्वरतर्फको एकमात्र बाटो येशू हुनुहुन्छ भनी मेरीले सिकिन् र आनन्दसाथ तिनले उहाँलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरिन् ।

मेरीसँगको हाम्रो भेटमा, “मेरो जीवन पूर्ण रूपमा परिवर्तन भयो !” भनी तिनले हामीलाई बताइन् ।

डेविडले प्रार्थना गरेका हुनाले भोको हृदय भएकी व्यक्तिकहाँ आत्माले उनलाई अगुवाइ गर्नुभयो जससँग उनले मुक्तिको सुसमाचार बाँड्न सके ।

## पवित्र आत्माले भरिनुहोस्

आत्मा जित्नको निम्ति यो कति महत्वपूर्ण योग्यता हो ! पवित्र आत्माको भरपूरिमा भरिनुहोस् र खीष्टका निम्ति आत्माहरू जित्नका लागि तपाईं आत्मिक शक्तिले भरिनुहुनेछ । तपाईंको हृदयबाट धेरै जीवनहरूलाई आशिष दिनका लागि जीवन दिने पानीका खोलाहरू बगिनिस्कनेछन् ! यूहन्ना ७:३८ हेर्नुहोस् ।

## अरूहरूलाई खीष्टमा जित्ने इच्छा

आगोको फिलिङ्गोको रूपमा खीष्टको प्रेमलाई तपाईंको हृदयमा बल्न दिनुहोस् ! तब तपाईं मानिसहरूलाई उहाँमा जित्न चाहनुहुन्छ । खीष्टको प्रेमले तपाईंलाई शासन गर्नेछ (२ कोरिन्थी ५:१४) र हराएकाहरूकहाँ जानका लागि तपाईंलाई बाध्य तुल्याउनेछ । परमेश्वरले हामीलाई पहिले प्रेम गर्नुभएको र हामीले अनन्त जीवन पाउन सकौं भनी आफ्ना पुत्रलाई पठाउनुभएको हुनाले हामी प्रेम गर्छौं ।

**११** *औँलाटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **परमेश्वरको प्रेमको वरदान** *बाइबल खण्ड :* **यूहन्ना ३:१६**

*बाइबल पद :* **किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्‌ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।**

**१२** तलको स्व-मूल्याङ्कन जाँचमा आफैँलाई जाँच गर्नुहोस् । यदि कुनै क्षेत्रमा धेरै सुधारको आवश्यकता छ भने आफ्नो लागि १ अङ्क दिनुहोस् (इमान्दारिताको निम्ति) । केही सुधारको आवश्यकता भएको क्षेत्रमा २ अङ्क दिनुहोस् र तपाईंले प्रार्थना गर्नुभएको र यस बारेमा केही गर्ने कोशिश गर्नुभएको क्षेत्रमा ३ अङ्क दिनुहोस् ।

**क** मानिसहरूका निम्ति सरोकार देखाउनु ...........
**ख** आत्माहरूका निम्ति प्रार्थना गर्नु ...........
**ग** आत्माद्वारा भरिनु ...........
**घ** अरूहरूलाई खीष्टमा जित्ने इच्छा गर्नु ...........

**१३** खीष्टका लागि तपाईंले जित्न चाहनुभएका कमसेकम दुई मानिसहरूका नामहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् । अहिले नै तिनीहरूका निम्ति प्रार्थना गर्न सुरू गर्नुहोस् र उहाँका निम्ति तिनीहरूलाई जित्न तपाईंलाई चावी दिनका लागि प्रभुसँग विन्ती गर्नुहोस् ।

## स्वयम्-जाँच

**१** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क पूर्ण-समय प्रचारकहरूले मात्र सुसमाचार प्रचार गर्ने काम गर्छन् ।

ख सुसमाचार प्रचार गर्नु प्रत्येक विश्वासीको जिम्मेवारी हो ।

ग सुसमाचार प्रचारमा नयाँ विश्वासीहरूलाई चेलाहरू बनाउने कुरा संलग्न भएको हुन्छ ।

घ साक्षी दिनु सुसमाचार प्रचारको एक चरणमात्र हो ।

**२** यदि हामीले कसैलाई येशू २००० वर्षभन्दा पहिले यस पृथ्वीमा जिउनुभयो र उहाँ क्रूसमा मर्नुभयो भनी बतायौँ भने, के हामीले सुसमाचार बाँडेका हुन्छौँ ? तपाईंको उत्तरलाई समर्थन गर्नुहोस् ।

.................................................................................................

.................................................................................................

**३** बायाँपट्टि दिइएको प्रत्येक विवरणको अगाडि दायाँपट्टि दिइएको कार्य वर्णनको प्रतिनिधित्व गर्ने सङ्ख्या लेख्नुहोस् ।

| | |
|---|---|
| ....क प्रभुले तपाईंलाई कसरी निको पार्नुभयो र तपाईंको डर हटाइदिनुभयो भनी तपाईं गवाही दिनुहुन्छ । | १) बताउनु |
| ....ख तपाईंले लामो समयदेखि आफ्नो भतिजोलाई साक्षी दिँदै हुनुहुन्छ । आज तपाईंले उनीसँग प्रार्थना गर्नुभयो र उनले ख्रीष्टलाई ग्रहण गरे । | २) साक्षी दिनु |
| ....ग तपाईंले नयाँ विश्वासीहरूका निम्ति आत्मा जित्ने कक्षामा सिकाउनुहुन्छ । | ३) जित्नु |
| ....घ तपाईंका छिमेकीले इस्टर उत्सवको बारेमा सोध्छन् र तपाईंले येशूको पुनरूत्थानको बारेमा उनलाई बताउनुहुन्छ । | ४) चेलाहरू बनाउनु |

**४** अरू कोही पनि विश्वासीहरू नभएको आवास क्षेत्रमा आफू सरेको कुरा एक ख्रीष्टियानले तपाईंलाई बताउँछन् । उनले के गर्नेपर्छ ?

क) सम्भव भए ख्रीष्टियान समुदाय भएको क्षेत्रमा सर्नु ।

ख) उनका उद्धार नपाएका छिमेकीहरूलाई साक्षी दिनका लागि प्रभुले उनलाई मद्दत गरून् भनी प्रार्थना गर्नु ।

ग) हराएकाहरूकहाँ “ज्योति” भएर (मत्ती ५:१६) उनका वचनहरू र कामहरूद्वारा ख्रीष्टलाई देखाउनु ।

**५** नामान र कमारी केटीको कथामा कुन सत्यतालाई जोड दिइएको छ ?

क) आफ्ना मालिकका निम्ति भएको केटीको सरोकारले उनलाई सहयोग गर्नका लागि तिनका निम्ति बाटो खोलियो ।

ख) त्यस केटीको हृदय अझै पनि इस्राएल राज्यको उसको घरमा नै थियो ।

ग) त्यस केटी कमारी भएकी हुनाले त्यसले केही गर्नैपर्ने थियो ।

घ) नामान धनी भएका हुनाले उनले सहयोग प्राप्त गरेका थिए ।

**६** तपाईंको स्मरणबाट औँलाटुप्पो खण्डलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् वा अरू कसैलाई यो उद्धरण गर्नुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई समावेश गर्नुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

१ **क** सुसमाचार सुनाउनु ।

**ख** साक्षी दिनु ।

८ **क** पूरा हुने थिएन ।

ख जित्ने र चेलाहरू बनाउने ।

२ **क** बेठीक । येशू आउनुभयो भनी तिनीहरूलाई बताउनु ऐतिहासिक तथ्यलाई उल्लेख गर्नु हो । उहाँ किन आउनुभयो भनी हामीले तिनीहरूलाई बताउनै पर्छ ।

**ख** बेठीक । मानिसहरूलाई ख्रीष्टमा जित्ने र उहाँका निम्ति साक्षी पनि हुन सकून् भनी तिनीहरूलाई चेला बनाउने जिम्मेवारी पनि हामीसँग छ ।

**ग** ठीक ।

**घ** ठीक ।

९ आफ्नो कार्डमा नहेरिकन नै, रोमी ३:२३, औँलाटुप्पो खण्डका तीनवटै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

३ सुसमाचार सुनाउने, येशूको निम्ति साक्षी दिने, मानिसहरूलाई उहाँमा जित्ने र चेलाहरू बनाउने ।

१० उनी जहाँ जहाँ गए उनले सुसमाचार प्रचार गरे ।

४ **क** १) बताउनु ।

**ख** ३) जित्नु ।

**ग** २) साक्षी दिनु ।

**घ** १) बताउनु ।

**ङ** ४) चेलाहरू बनाउनु ।

**११** आफ्नो कार्डमा नहेरिकनै, तपाईंले औंलोटुप्पो खण्डका तीनवटै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

**५** सुन, चाँदी र बहुमूल्य पत्थरहरू ।

**१२** तपाईंको उत्तर । तपाईंले दशभन्दा बढी अङ्क पाउनुभयो होला भनी हामी आशावादी छौं ।

**६** **क** तिनले आफूले सक्नेजति गरेकी थिइन् ।

**ख** हो । अति उच्च !

**१३** यो तपाईंको उत्तर मात्र होइन, तर यो तपाईंको जिम्मेवारी बन्छ । तपाईंले लेख्नुभएका मानिसहरूका नाम ग्लोबल युनिभर्सिटी कार्यालयमा भएका कसैलाई पनि थाहा नहुन सक्छ - तर तपाईं जान्नुहुन्छ, र परमेश्वरलाई थाहा छ ।

**७** पहिलो कदम : तपाईं पापी हुनुहुन्छ । रोमी ३:२३ ले हामीलाई बताउँछ कि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । (अरू कदमहरूलाई पनि यसरी नै लेखिनुपर्छ र सबै कदमहरूलाई कण्ठ गर्नुपर्छ ।)

# तपाईंको बुँदा टिपोटको निम्ति